दुर्गा भगवती गाउँपालिका

# स्थानीय राजपत्र

दुर्गा भगवती गाउँपालिकाद्वारा प्रकाशित

खण्ड : १, संख्या : ९, मिति : २०८१/११/२१


## भाग-१

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम दुर्गा भगवती गाउँपालिकाको गाउँ सभाले पारित गरेको ऐन सर्वसाधारणको जानकारीका लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम प्रकाशन गरिएको छ ।

**वि.सं. २०८१ सालको ऐन नं. ९**

# दुर्गा भगवती गाउँपालिका लघु, घरेलु तथा साना उद्योग दर्ता तथा व्यवस्थापन सम्बन्धी ऐन, २०८१

**प्रमाणीकरण मिति : २०८१।०४।१५**

**प्रस्तावनाः** दुर्गा भगवती गाउँपालिकाको औद्योगिक वातावरणलाई सुविधाजनक, लगानीमैत्री बनाई रोजगारीका अवसरमा अभिवृद्धि गर्न, गाउँपालिकामा उपलब्ध प्राकृतिक, भौतिक तथा मानवीय स्रोतको अधिकतम उपयोग गरी आयात प्रतिस्थापन तथा निर्यात प्रवर्द्धनमा जोड दिँदै लघु, घरेलु तथा साना उद्योग विकासको माध्यमबाट सबल, गतिशील एवं उत्पादनमुखी अर्थतन्त्र निर्माणका लागि गाउँपालिकाको भगौलिक क्षेत्रभित्र लघु, घरेलु र साना उद्योगको दर्ता, नबीकरण, खारेजी, नियमन, विकास प्रवर्द्धन र व्यवस्थापन गर्न वाञ्छनीय भएकोले,

औद्योगिक व्यवसाय ऐन, २०७६ को दफा ६१ र स्थानीय सरकारकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (५) को खण्ड घ. बमोजिमको कार्य गर्न स्थानीय सरकारकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम दुर्गा भगवती गाउँपालिकाको गाउँ सभाले यो ऐन बनाएको छ ।

## परिच्छेद - १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस ऐनको नाम "दुर्गा भगवती गाउँपालिका लघु, घरेलु तथा साना उद्योग दर्ता तथा व्यवस्थापन ऐन, २०८१" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "उद्योग" भन्नाले दफा १६ बमोजिमको उद्योग सम्झनु पर्छ ।

(ख) "गाउँपालिका" भन्नाले दुर्गा भगवती गाउँपालिकालाई सम्झनु पर्छ ।

(ग) "कार्यालय" भन्नाले दुर्गा भगवती गाउँ कार्यपालिकाको कार्यालय र कार्यालय अन्तर्गत उद्योग दर्ता तथा नियमन गर्ने शाखा/उपशाखा/ईकाईलाई सम्झनु पर्छ ।

(घ) "कार्यपालिका" भन्नाले दुर्गा भगवती गाउँपालिकाको कार्यपालिकालाई सम्झनु पर्छ ।

(ङ) "अध्यक्ष" भन्नाले दुर्गा भगवती गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्छ ।

(च) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले दुर्गा भगवती गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ ।

(छ) "लघु उद्यम" भन्नाले दफा १६ को उपदफा (१) को खण्ड (क) बमोजिमका उद्योग सम्झनु पर्छ

(ज) "घरेलु उद्योग" भन्नाले दफा १६ को उपदफा (१) को खण्ड (ख) बमोजिमको उद्योग सम्झनु पर्छ ।

(झ) "साना उद्योग" भन्नाले दफा १६ को उपदफा (१) को खण्ड (ग) बमोजिमको उद्योग सम्झनु पर्छ ।

(ञ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(ट) "बौद्धिक सम्पत्ति" भन्नाले पेटेन्ट, डिजाइन, ट्रेडमार्क, सेवामार्क, भौगोलिक संकेत चिन्ह, व्यापारिक गोपनीयता लगायत सोसँग सम्बन्धित अन्य औद्योगिक सम्पत्ति सम्झनु पर्छ र सो शब्दले प्रचलित कानूनले प्रतिलिपि अधिकारको रुपमा परिभाषित गरेको विषयलाई समेत जनाउँछ ।

(ठ) "स्थिर पूँजी" भन्नाले दफा १७ बमोजिमको सम्पत्ति सम्झनु पर्छ ।

(ड) "गाउँका प्राथमिकता प्राप्त उद्योग" भन्नाले दफा १८ बमोजिमको उद्योग सम्झनु पर्छ ।।

(ढ) "समिति" भन्नाले दफा १९ बमोजिम गठित लघु, घरेलु तथा साना उद्योग तथा लगानी प्रवर्द्धन समिति सम्झनु पर्छ ।

## परिच्छेद - २
## लघु, घरेलु तथा साना उद्योग दर्ता तथा नियमन सम्बन्धी व्यवस्था

३. **लघु, घरेलु तथा साना उद्योग दर्ता गराउनुपर्ने :** (१) कसैले यस ऐन बमोजिम दर्ता नगराई उद्योगको स्थापना वा सञ्चालन गर्न वा गराउन हुँदैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन प्रारम्भ हुँदाका बखत प्रचलित औद्योगिक व्यवसाय सम्बन्धी कानून बमोजिम दर्ता भई सञ्चालनमा रहेका उद्योगले यस ऐन बमोजिम उद्योग दर्ता गराउनु पर्ने छैन ।

(३) उपदफा (२) बमोजिम सञ्चालनमा रहेका उद्योगले यो ऐन प्रारम्भ भएको मितिले १ वर्षभित्र गाउँ कार्यपालिकाको कार्यालय तथा उद्योग नियमन शाखामा अभिलेख गरी अद्यावधिक गर्नुपर्नेछ ।

४. **उद्योग दर्ता गर्न निवेदन दिनुपर्ने :** (१) यस ऐन बमोजिम उद्योग दर्ता गर्न, अभिलेखिकरण गर्न र नवीकरण गर्न चाहने व्यक्तिले तोकिए बमोजिमको विवरण र कागजात सहित तोकिएको ढाँचामा उद्योग दर्ता गर्न गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय समक्ष निवेदन दिनु पर्नेछ ।

(२) निवेदन तथा स्वीकृति सम्बन्धी कागजातहरु प्रमाणीकरण गर्दा विद्युतीय हस्ताक्षर समेत मान्य हुनेछ र यस्ता कागजातहरु विद्युतीय माध्यमबाट समेत प्रस्तुत गर्न सकिनेछ ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि लघु उद्यम, घरेलु उद्योग र साना उद्योग सञ्चालन भएको मितिबाट छ महिनाभित्र उद्योग दर्ता गर्न निवेदन दिन सकिनेछ ।

५. **उद्योग दर्ताको सिफारिस लिनुपर्ने :** (१) गाउँपालिकामा दर्ता हुने उद्योग बाहेक अन्य उद्योग गाउँपालिका भित्र दर्ता र सञ्चालन गर्न चाहेमा त्यस्तो उद्योगले उद्योग दर्ता गर्ने निकायले तोकेको कागजात सहित उद्योग नियमन शाखामा सिफारिसका लागि तोकिए बमोजिम निवेदन दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन परेमा कार्यपालिकाले तोकिए बमोजिम सिफारिस गर्न सक्नेछ ।

६. **उद्योग दर्ताको प्रमाणपत्र दिनुपर्ने :** (१) दफा ४ बमोजिम उद्योग दर्ताका लागि परेको निवेदन जाँचबुझ गर्दा आवश्यक विवरण तथा कागजात पूरा भएको र यो ऐन बमोजिमको प्रक्रिया पूरा भएको देखिएमा निवेदन परेको पन्ध्र दिनभित्र उद्योग दर्ता गर्ने निकायले निवेदनमा माग भए बमोजिमको उद्योग दर्ता गरी तोकिए बमोजिमको ढाँचामा निवेदकलाई उद्योग दर्ताको प्रमाणपत्र दिनु पर्नेछ ।

(२) उद्योग दर्ता गरेपछि "प्रारम्भिक वातावरण परीक्षण प्रतिवेदन" तथा "संक्षिप्त वातावरण परिक्षण प्रतिवेदन" पेश गर्नुपर्ने भएमा सो गरेपछि मात्र उद्योग स्थापना, सञ्चालन, व्यावसायिक उत्पादन वा कारोबार प्रारम्भ गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम निवेदन जाँचबुझ गर्दा थप विवरण वा कागजात माग्नुपर्ने देखिएमा उद्योग दर्ता गर्ने निकायले सम्बन्धित निवेदकलाई त्यस्तो थप विवरण वा कागजात सात दिनभित्र पेश गर्न लगाउन सक्नेछ ।

(४) उपदफा (१) बमोजिम उद्योग दर्ताको प्रमाणपत्र दिँदा अन्य कुराका अतिरिक्त देहायका विवरणहरु समेत त्यस्तो प्रमाणपत्रमा खुलाउनु पर्नेछ :-

(क) उद्योग दर्ताको प्रमाणपत्र जारी भएको मिति,

(ख) उद्योगले व्यावसायिक उत्पादन वा कारोबार प्रारम्भ गर्नुपर्ने अवधि,

(ग) उद्योगले पालना गर्नुपर्ने शर्तहरु,

(घ) उद्योगको प्रकृति अनुसार तोकिए बमोजिमका अन्य शर्तहरु ।

(५) उपदफा (३) बमोजिम माग गरेको विवरण वा कागजात निवेदकले पेश गाउँमा वा यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमावली बमोजिमको प्रक्रिया पूरा भएको नदेखिएमा उद्योग दर्ता गर्ने शाखाले कारण खुलाई उद्योग दर्ताको निवेदन अस्वीकृत गर्न सक्नेछ र सोको जानकारी सम्बन्धित निवेदकलाई दिनु पर्नेछ ।

(६) यस दफा बमोजिम दर्ता भएको उद्योगले उद्योग दर्ता गर्ने शाखाले समय समयमा दिएको निर्देशन तथा दर्ता प्रमाणपत्रमा उल्लिखित शर्तहरुको पालना गर्नु पर्नेछ ।

७. **वातावरणमा प्रतिकूल असरको निराकरण गर्नुपर्ने :** उद्योग सञ्चालनका क्रममा वातावरणमा परेको वा पर्न सक्ने प्रतिकूल वातावरणीय असरको निराकरण गर्ने जिम्मेवारी सम्बन्धित उद्योगको हुनेछ ।

८. **अनुमति लिनुपर्ने :** (१) यस परिच्छेदमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहायका उद्योग दर्ता गर्नु अघि समितिबाट अनुमति लिनु पर्नेछ :-

(क) **अनुसूची-१** मा उल्लिखित उद्योग,

(२) उपदफा (१) बमोजिम अनुमति आवश्यक पर्ने उद्योग दर्ता गराउन चाहने व्यक्तिले तोकिएको विवरण सहित तोकिएको ढाँचामा उद्योग दर्ता गर्ने निकायमार्फत समितिसमक्ष निवेदन दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिमको निवेदन र सोसँग सम्बन्धित कागजात जाँचबुझ गर्दा आवश्यक विवरण र कागजात संलग्न भएको देखिएमा उद्योग दर्ता गर्ने निकायले आफ्नो राय सहित निर्णयको लागि समितिसमक्ष पेश गर्नेछ ।

(४) यस दफा बमोजिम समितिले उद्योग दर्ता गर्न अनुमति दिने वा नदिने सम्बन्धमा एक महिनाभित्र निर्णय गरिसक्नु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम समितिबाट अनुमति दिने निर्णय भएकोमा त्यस्तो निर्णयको जानकारी प्राप्त गरेको मितिले पन्ध्र दिनभित्र उद्योग दर्ता गर्ने निकायले तोकिएको ढाँचामा अनुमतिपत्र दिनु पर्नेछ ।

(६) अनुमतिपत्र प्राप्त गरेपछि अनुमतिपत्रमा उल्लेख भएको समयावधिभित्र उद्योग दर्ता गर्न निवेदन दिनु पर्नेछ ।

(७) उपदफा (४) बमोजिम समितिबाट उद्योग दर्ता गर्न अनुमति नदिने निर्णय भएमा सात दिनभित्र उद्योग दर्ता गर्ने निकायले निवेदकलाई सोको जानकारी दिनु पर्नेछ ।

९. **व्यावसायिक उत्पादन वा कारोबार प्रारम्भ गरेको जानकारी दिनुपर्ने :** (१) यस ऐन बमोजिम दर्ता भएको उद्योगले उद्योग दर्ता प्रमाणपत्रमा उल्लेख भएको अवधिभित्र उद्योग सञ्चालन वा आफ्नो व्यावसायिक उत्पादन वा कारोबार प्रारम्भ गर्नु पर्नेछ र सोको जानकारी उद्योग दर्ता गर्ने निकायलाई गराउनु पर्नेछ ।

(२) कुनै उद्योगले उपदफा (१) बमोजिम उद्योग सञ्चालन वा आफ्नो व्यावसायिक उत्पादन वा कारोबार प्रारम्भ गर्न नसकेमा सोको कारण खुलाई उद्योग दर्ता प्रमाणपत्रमा उल्लिखित अवधि समाप्त हुनुभन्दा कम्तीमा एक महिना अगाडि त्यस्तो अवधि बढाउनका लागि उद्योग दर्ता गर्ने निकाय समक्ष तोकिए बमोजिम निवेदन दिन सक्नेछ ।

(३) कुनै उद्योगले उपदफा (२) बमोजिमको अवधिभित्र निवेदन दिन नसकेको कारण खुलाई उद्योग दर्ता प्रमाणपत्रमा उल्लिखित अवधि समाप्त भएको मितिले छ महिनाभित्र त्यस्तो प्रमाणपत्रमा उल्लिखित अवधि बढाउनका लागि उद्योग दर्ता गर्ने निकाय समक्ष निवेदन दिन सक्नेछ ।

(४) उपदफा (२) वा (३) बमोजिम निवेदन प्राप्त हुन आएमा र निवेदनमा उल्लिखित कारण मनासिब देखिएमा उद्योग दर्ता गर्ने निकायले त्यस्तो उद्योगको सञ्चालन वा व्यावसायिक उत्पादन वा कारोबार प्रारम्भ गर्ने अवधि तोकिए बमोजिम बढाउन सक्नेछ । तर उपदफा (३) बमोजिम दिइएको निवेदनको हकमा उद्योग स्थापनाको लागि गर्नु पर्ने निर्माण लगायतका कामको प्रगति हेरी साना उद्योगको हकमा प्रति वर्ष पच्चीस हजार जरिवाना लिई उद्योग सञ्चालन वा व्यावसायिक उत्पादन वा कारोबार प्रारम्भ गर्ने अवधि बढाउन सकिनेछ ।

(५) उपदफा (२) वा (३) बमोजिम अवधि बढाउन निवेदन नदिएमा वा उपदफा (१) बमोजिमको अवधि वा उपदफा (३) बमोजिम बढाइएको अवधिभित्र पनि त्यस्तो उद्योगले उद्योग सञ्चालन वा आफ्नो व्यावसायिक उत्पादन वा कारोबार प्रारम्भ गाउँमा त्यस्तो उद्योगको दर्ता प्रमाणपत्र स्वतः रद्द हुनेछ ।

(६) उपदफा (५) बमोजिम उद्योगको दर्ता प्रमाणपत्र रद्द भएमा उद्योग दर्ता गर्ने निकायको अभिलेखमा रहेको त्यस्तो उद्योगको दर्ता प्रमाणपत्रमा कारण खुलाई रद्द भएको व्यहोरा जनाउनु पर्नेछ र सोको अभिलेख अद्यावधिक गर्नु पर्नेछ ।

**१०. उजूरी गर्न सक्ने :** (१) उद्योग दर्ता गर्ने निकायले दफा ६ को उपदफा (५) बमोजिम उद्योग दर्ता गर्न अस्वीकृत गरेमा सो उपर चित्त नबुझ्ने निवेदकले त्यसको जानकारी पाएको तीस दिनभित्र गाउँपालिका समक्ष उजूरी गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम उजूरी परेमा गाउँपालिकाले उजूरी उपर आवश्यक जाँचबुझ गरी उजूरी परेको मितिले पन्द्र दिनभित्र सो सम्बन्धमा आवश्यक निर्णय गर्नेछ ।

**११. अनुगमन गर्ने :** (१) उद्योग दर्ता गर्ने निकाय/शाख/उपशाखा वा कार्यालयले उद्योग दर्ता प्रमाणपत्रमा उल्लिखित शर्तहरुको पालना गरे गाउँको सम्बन्धमा उद्योगको नियमित अनुगमन गर्न सक्नेछ ।

(२) उद्योग दर्ता गर्ने निकाय वा कार्यालयले उपदफा (१) बमोजिमको अनुगमनको सिलसिलामा सम्बन्धित उद्योगबाट कुनै जानकारी वा विवरण माग गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम कुनै जानकारी वा विवरण माग गरेमा त्यस्तो जानकारी वा विवरण उपलब्ध गराउनु सम्बन्धित उद्योगको कर्तव्य हुनेछ ।

(४) उपदफा (३) बमोजिम प्राप्त भएको जानकारी वा विवरणबाट त्यस्तो उद्योग सञ्चालनमा कुनै किसिमको समस्या भएको देखिएमा सम्बन्धित उद्योगसँग परामर्श गरी उद्योग दर्ता गर्ने निकाय वा कार्यालयले त्यस्तो उद्योगलाई आवश्यक सहयोग उपलब्ध गराउन सक्नेछ ।

**१२. उद्योग स्थानान्तरणको लागि स्वीकृति लिनुपर्ने :** (१) कुनै एक ठाउँमा सञ्चालन गर्ने गरि दर्ता भएको उद्योग कुनै कारणले अन्यत्र स्थानान्तरण गर्नुपर्ने भएमा सो को कारण खुलाई देहायका विवरण र कागज सहित तोकिए बमोजिमको ढाँचामा उद्योग नियमन शाखामा निवेदन दिनु पर्नेछ :-

(क) अघिल्लो आर्थिक वर्षको करचुक्ता प्रमाणपत्र,

(ख) अघिल्लो आर्थिक वर्षसम्मको लेखापरिक्षण प्रतिवेदन,

(ग) उद्योग स्थानान्तरण गर्ने सम्बन्धित वडाको सिफारिस,

(घ) वातावरणीय अध्ययन प्रतिवेदन आवश्यक पर्ने भएमा सोको स्वीकृत प्रतिवेदन,

(ङ) उद्योग सञ्चालन गर्दा ऐन वा प्रचलित कानून बमोजिम कुनै छुट, सुविधा वा सहुलियत प्रदान गरेको भए त्यस्तो निकायको सहमति ।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त भएपछि कारण मनासिब देखिएमा तोकिए बमोजिमको उद्योग स्थानान्तरणको लागि गाउँ प्रमुखले स्वीकृति दिन सक्नेछ ।

(३) उपदफा(१) बमोजिम प्राप्त निवेदन जाँचबुझ गर्दा उद्योग स्थानान्तरणको स्वीकृति दिन मनासिब नदेखिएमा उद्योग नियमन शाखाले सोको जानकारी सात दिनभित्र निवेदकलाई दिनु पर्नेछ ।

(४) उद्योग स्थानान्तरण सम्बन्धी अन्य व्यवस्था उद्योग नियमन शाखा र गाउँ कार्यपालिकाले निर्णय गरे बमोजिम हुनेछ .

**१३. विवरण उपलब्ध गराउनु पर्ने :** (१) प्रत्येक उद्योगले व्यावसायिक उत्पादन वा कारोबार प्रारम्भ गरेपछि तोकिए बमोजिमको विवरण प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले छ महिनाभित्र उद्योग दर्ता गर्ने निकाय समक्ष पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम पेश गर्नुपर्ने विवरण तोकिए बमोजिम विद्युतीय माध्यमबाट समेत पेश गर्न सकिनेछ ।

**१४. उद्योग बन्द गरेमा जानकारी दिनुपर्ने :** यस ऐन बमोजिम दर्ता भएको उद्योग उद्योगीले कुनै कारणले बन्द गरेमा वा उद्योगको व्यावसायिक उत्पादन वा कारोबार स्थगन गरेमा त्यसरी बन्द वा स्थगन गरेको मितिले सात दिनभित्र त्यसको जानकारी उद्योग दर्ता गर्ने निकायलाई तोकिए बमोजिम दिनु पर्नेछ ।

**१५. उद्योगको दर्ता खारेज गर्न निवेदन दिन सकिने :** (१) कुनै कारणले उद्योग सञ्चालन गर्न नसकिने भएमा त्यस्तो उद्योगको दर्ता खारेजीको लागि उद्योग दर्ता गर्ने निकायसमक्ष तोकिए बमोजिमको कागजात सहित तोकिएको ढाँचामा निवेदन दिन सकिनेछ ।

तर प्रचलित कानून बमोजिम दामासाहीमा परेको अवस्थामा सोही कानून बमोजिम हुनेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त हुन आएमा उद्योग दर्ता गर्ने निकायले सम्बन्धित उद्योगले आफ्नो दायित्व फरफारख गरेको र उद्योगको दर्ता खारेज गर्न उपयुक्त हुने देखिएमा तोकिए बमोजिम उद्योग दर्ता खारेज गरी सोको जानकारी निवेदकलाई दिनु पर्नेछ ।

## परिच्छेद - ३
## उद्योगको वर्गीकरण तथा स्थिर पूँजी

**१६. उद्योगको वर्गीकरण :** (१) यस ऐनको प्रयोजनको लागि उद्योगहरुलाई देहाय बमोजिम वर्गीकरण गरिएको छ :-

**(क) लघु उद्यम :** देहायको अवस्था भएको उद्योगलाई लघु उद्यम मानिनेछ :-

(१) घर जग्गा बाहेक बढीमा पाँच लाख रुपैयाँसम्मको स्थिर पूँजी रहेको,

(२) उद्यमी स्वयं उद्योगको सञ्चालन र व्यवस्थापनमा संलग्न रहेको,

(३) उद्यमी सहित बढीमा नौ जनासम्म कामदार रहेको,

(४) वार्षिक कारोबार पचास लाख रुपैयाँ भन्दा कम रहेको, र

(५) इन्जिन, उपकरण वा मेसिनको प्रयोग गरेको भएमा इन्जिन, उपकरण वा मेसिनमा खपत हुने विद्युतीय ऊर्जा, इन्धन वा अन्य तेल इन्जिन क्षमता बीस किलोवाट वा सोभन्दा कम रहेको ।

तर उपखण्ड (१) देखि (५) सम्म जुनसुकै कुरा लेखिएको भए तापनि **अनुसूची-१** बमोजिम स्वीकृति लिनुपर्ने उद्योगलाई लघु उद्यम मानिने छैन ।

**(ख) घरेलु उद्योग :** देहायको अवस्था भएको उद्योगलाई घरेलु उद्योग मानिनेछ :-

(१) परम्परागत सीप र प्रविधिमा आधारित,

(२) श्रममूलक र खास सीप वा स्थानीय कच्चा पदार्थ एवं स्थानीय प्रविधि, कला तथा संस्कृतिमा आधारित,

(३) इन्जिन, उपकरण वा मेसिनको प्रयोग गरेको भएमा बढीमा पचास किलोवाटसम्मको क्षमताको विद्युतीय ऊर्जा प्रयोग गरेको, र

(४) **अनुसूची-२** मा उल्लेख भए बमोजिमका उद्योगहरु ।

**(ग) साना उद्योग :** लघु उद्यम र घरेलु उद्योग बाहेकको दश करोड रुपैयाँसम्म स्थिर पूँजी भएको उद्योग,

(घ) प्रदेश कानून बमोजिम गाउँपालिकामा दर्ता गरिने उद्योगहरू यस ऐन र तोकिए बमोजिम हुनेछ ।

(ङ) संघीय कानून बमोजिम गाउँपालिकामा दर्ता गरिने उद्योगहरू यस ऐन र तोकिए बमोजिम हुनेछ ।

(२) उपदफा (१) मा उल्लेखित उद्योगलाई त्यस्ता उद्योगबाट उत्पादन हुने वस्तु वा सेवाको प्रकृतिको आधारमा देहाय बमोजिम वर्गीकरण गरिनेछ :-

**(क) ऊर्जामूलक उद्योग :** ऊर्जा उत्पादन गर्ने व्यवसायमा संलग्न **अनुसूची-३** मा उल्लिखित उद्योगहरु ।

**(ख) उत्पादनमूलक उद्योग :** कच्चा पदार्थ, सहायक कच्चा पदार्थ वा अर्ध प्रशोधित कच्चा पदार्थको प्रयोग वा प्रशोधन गरी मालवस्तु उत्पादन गर्ने उद्योगहरु ।

**(ग) कृषि तथा वन पैदावारमा आधारित उद्योग :** कृषि वा वन पैदावारमा आधारित कच्चा पदार्थबाट कुनै वस्तु उत्पादन गर्ने वा कृषि वा वन पैदावारसँग सम्बन्धित **अनुसूची-४** मा उल्लिखित उद्योगहरु ।

**(घ) खनिज उद्योग :** खनिज उत्खनन् वा प्रशोधन गरी कुनै धातु वा धातु बाहेकका खनिज पदार्थ उत्पादन गर्ने उद्योगहरु ।

**(ङ) निर्माण उद्योग :** भौतिक पूर्वाधार निर्माण गरी सञ्चालन गर्ने **अनुसूची-५** मा उल्लेख गरिएका उद्योगहरु ।

**(च) पर्यटन उद्योग :** पर्यटन सेवासँग सम्बन्धित **अनुसूची-६** मा उल्लिखित उद्योगहरु ।

**(छ) सूचना, प्रसारण तथा सञ्चार प्रविधिमा आधारित उद्योग :** सूचना सङ्कलन, प्रशोधन र प्रसारणका लागि प्रविधि प्रयोग गरी सूचना, सञ्चार वा सूचना प्रविधिको सेवा उपलब्ध गराउने **अनुसूची-७** मा उल्लिखित उद्योगहरु ।

**(ज) सेवामूलक उद्योग :** सेवा उत्पादन वा प्रदान गर्ने **अनुसूची-८** मा उल्लिखित उद्योगहरु ।

(३) कुनै उद्योगले उपदफा (१) मा उल्लेख भए बमोजिमको आफ्नो स्थिर पूँजी परिवर्तन वा हेरफेर गर्न चाहेमा उद्योग दर्ता गर्ने निकाय समक्ष तोकिए बमोजिम निवेदन दिन सक्नेछ ।

(४) उपदफा (१) बमोजिम निवेदन प्राप्त भएमा उद्योग दर्ता गर्ने निकायले त्यस्तो उद्योगको स्थिर पूँजी परिवर्तन वा हेरफेर गर्न सक्नेछ ।

(५) उपदफा (४) बमोजिम उद्योगको स्थिर पूँजी परिवर्तन वा हेरफेर भएमा त्यस्तो उद्योग स्थिर पूँजी परिवर्तन वा हेरफेर भई कायम भए अनुसार उपदफा (१) बमोजिमको जुन वर्गमा पर्ने हो सोही वर्गमा वर्गीकृत भएको मानिनेछ ।

**१७. उद्योगको स्थिर पूँजी :** (१) यस ऐनको प्रयोजनको लागि उद्योगको स्थिर पूँजीको मूल्याङ्कन गर्दा देहायको सम्पत्तिलाई आधार मानी मूल्याङ्कन गरिनेछ :-

(क) जमिन तथा जमिनमुनि (अण्डर ग्राउण्ड) निर्माण भएका भौतिक संरचना,

(ख) जमिनमाथि निर्माण भएका भौतिक संरचना (जस्तैः ढल निकास, आन्तरिक सडक, खानेपानीका संरचना, पानी आपूर्ति गर्ने प्रणाली)

(ग) उद्योगको कार्यालय, कारखाना, भवन वा गोदाम घर,

(घ) कर्मचारी वा कामदारका लागि निर्माण भएको आवास भवन,

(ङ) विद्युत आपूर्ति तथा सोसँग सम्बन्धित उपकरण र प्रणाली,

(च) मेसिनरी, उपकरण, औजार तथा तिनका जगेडा पार्टपूर्जा,

(छ) परिबहनका साधन,

(ज) कार्यालय सामग्री तथा उपकरण,

(झ) फिक्स्चर तथा फर्निचर,

(ञ) सञ्चार सामग्री तथा सोसँग सम्बन्धित उपकरण र प्रणाली ।

(२) उपदफा (१) मा उल्लिखित सम्पत्तिका अतिरिक्त उद्योग स्थापना हुनुभन्दा अघि वा निर्माणको विभिन्न चरणमा भएको देहायका खर्चलाई पनि उद्योगको स्थिर पूँजीको रुपमा मूल्याङ्कन गरिनेछ :-

(क) पूँजीकृत गरिने प्राविधिक तथा सुपरिवेक्षण खर्च,

(ख) पूर्व लगानी तथा पूर्व सञ्चालन खर्च,

(ग) पूँजीकृत हुने ब्याज खर्च ।

**१८. गाउँपालिकाको प्राथमिकताप्राप्त उद्योग : अनुसूची-९** मा उल्लिखित उद्योगहरुलाई गाउँपालिकाको प्राथमिकताप्राप्त उद्योग मानिनेछ ।

## परिच्छेद-४

## लघु, घरेलु तथा साना उद्योग तथा लगानी प्रवर्द्धन समिति सम्बन्धी व्यवस्था

**१९. लघु, घरेलु तथा साना उद्योग तथा लगानी प्रवर्द्धन समितिको गठन :** (१) उद्योगको प्रवर्द्धन, स्थापना, लगानी अभिवृद्धि, संरक्षण र विस्तार गरी औद्योगिकीकरणको गतिलाई तीब्रता दिने उद्देश्यले सहजीकरण तथा समन्वय सहित आवश्यक नीतिगत निर्णय गर्न देहाय बमोजिमको एक लघु, घरेलु तथा साना उद्योग तथा लगानी प्रवर्द्धन समिति गठन गरिएको छ :-

(क) गाउँपालिका गाउँ कार्यपालिकाको अध्यक्ष -अध्यक्ष

(ख) गाउँपालिका गाउँ कार्यपालिकाको उपाध्यक्ष -सदस्य

(ग) आर्थिक विकास समिति संयोजक -सदस्य

(घ) वातावरण तथा विपद व्यवस्थापन समिति संयोजक -सदस्य

(ङ) प्रमुख प्रशासकीय अधिकृत -सदस्य

(च) गाउँपालिका क्षेत्रभित्र सञ्चालित क श्रेणीका बैकहरु मध्ये गाउँपालिका अध्यक्षले तोकेको वैंक शाखा प्रखुम -सदस्य

(छ) गाउँ स्तरीय उद्योग वाणिज्य संघको प्रतिनिधि -सदस्य

(ज) गाउँपालिकावाट मनोनित गाउँ कार्यपालिकाका सदस्यहरु मध्येवाट एक जना महिला सदस्य - सदस्य

(झ) लघु उद्यमी समुह संघको सदस्य -सदस्य

(ञ) उद्योग क्षेत्रका विज्ञहरुमध्येबाट गाउँ कार्यपालिकाबाट मनोनित कम्तीमा एक जना उद्यमी -सदस्य

(ट) लघु, घरेलु तथा साना उद्योगको जिम्मा दिइएको शाखा प्रखुम -सदस्य सचिव

(२) समितिले आवश्यक देखेमा विषयसँग सम्बन्धित विशेषज्ञ वा सल्लाहकारलाई समितिको बैठकमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

२०. **समितिको काम, कर्तव्य र अधिकार** : (१) समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) लघु, घरेलु तथा साना उद्योग प्रवर्द्धन, लगानीको संरक्षण, अभिवृद्धि तथा औद्योगिकीकरण सम्बन्धी नीतिगत निर्णय गर्ने,

(ख) लघु, घरेलु तथा साना उद्योग सम्बन्धी कानूनको कार्यान्वयनमा कुनै बाधा, अड्काउ वा द्विविधा उत्पन्न भएमा त्यसको समाधानको लागि सहजीकरण गर्ने,

(ग) गाउँको समग्र औद्योगिकीकरण सम्बन्धी नीतिगत, कानूनी, संस्थागत र प्रक्रियागत संरचना एव कार्य प्रणालीको नियमित समीक्षा गरी त्यसमा आवश्यक सुधार गर्न गाउँ कार्यपालिका समक्ष सिफारिस गर्ने,

(घ) लगानी र प्रविधि हस्तान्तरण सम्बन्धी आवश्यक नीतिगत निर्णय गर्ने,

(ङ) औद्योगिक प्रदूषण नियन्त्रण सम्बन्धी नीतिगत निर्णय गर्ने,

(च) गाउँपालिका क्षेत्रभित्रको लघु, घरेलु तथा साना उद्योगको औद्योगिक विकासको स्थितिको समग्र मूल्याङ्कन तथा समीक्षा गरी आवश्यक कदम चाल्न गाउँ कार्यपालिका समक्ष सुझाव तथा सिफारिस गर्ने,

(ज) उद्यमीहरु गुनासो सुनुवाई गरी समस्या समाधान गर्ने वा गराउने तथा सम्बन्धित निकायलाई मार्गदर्शन गर्ने,

(झ) लघु, घरेलु तथा साना उद्योगको स्तर र वर्गीकरण तथा प्रकृतिमा थपघट वा परिवर्तन गर्नुपर्ने भएमा गाउँ कार्यपालिकासमक्ष सिफारिस गर्ने,

(ञ) लघु, घरेलु तथा साना उद्योगमा लगानी अभिवृद्धि गर्न तथा प्रोत्साहन दिन आवश्यकता अनुसार अध्ययन, अनुसन्धान तथा सर्वेक्षण गर्ने सम्बन्धमा गाउँ कार्यपालिकासमक्ष सिफारिस तथा सुझाव पेश गर्ने ।

(ट) लघु, घरेलु तथा साना उद्योग बाट उत्पादित वस्तु वा सेवाको गुणस्तर सुनिश्चित गर्ने सम्बन्धमा आवश्यक नीतिगत निर्णय गर्ने,

(ठ) लघु, घरेलु तथा साना उद्योगहरुको एकीकृत औद्योगिक सूचना व्यवस्थापन प्रणालीको विकास गरी प्रयोगमा ल्याउन गाउँ कार्यपालिकालाई आवश्यक सुझाव दिने,

(ड) गाउँ स्तरमा सार्वजनिक, निजी र सहकारी क्षेत्रको प्रभावकारी, समन्वयात्मक र सामञ्जस्यपूर्ण सहकार्यमा प्रतिस्पर्धात्मक औद्योगिक वातावरण निर्माण गर्न आवश्यक कार्य गर्ने वा गराउने,

(त) तोकिए बमोजिमका अन्य कार्य गर्ने वा गराउने ।

२१. **समितिको सदस्यले निर्णय प्रक्रियामा भाग लिन नहुने** : (१) समितिको बैठकमा निर्णयको लागि पेश हुने कुनै कार्यसूचीको सम्बन्धमा समितिको कुनै सदस्यको निजी सरोकार वा स्वार्थ रहेको भएमा त्यस्तो कार्यसूचीका सम्बन्धमा हुने निर्णय प्रक्रियामा निजले भाग लिन हुँदैन ।

(२) उपदफा (१) बमोजिमको अवस्था आई परेमा सम्बन्धित सदस्यले सदस्य-सचिव मार्फत समितिलाई जानकारी गराउनु पर्नेछ ।

(३) उपदफा (१) विपरीत हुने गरी निर्णय भएको देखिएमा त्यस्तो निर्णय स्वतः बदर हुनेछ ।

२२. **गोपनीयता कायम राख्नुपर्ने** : (१) समितिको कामको सिलसिलामा आफ्नो जानकारीमा आएको कुनै सूचना अनधिकृत तवरले अन्य कुनै व्यक्तिलाई उपलब्ध गराउन वा कसैको लाभ, हित वा फाइदाको लागि प्रयोग गर्न वा गराउन हुँदैन ।

(२) उपदफा (१) विपरीत समितिको अध्यक्ष, सदस्य, सदस्य-सचिव, बैठकमा आमन्त्रित व्यक्ति वा कर्मचारीले कुनै काम गरेमा निजले पदीय आचरण पालना नगरेको मानिनेछ ।

## परिच्छेद - ५

## लघु, घरेलु तथा साना उद्योगलाई प्रदान गरिने छुट, सुविधा वा सहुलियत सम्बन्धी व्यवस्था

**२३. कर सम्बन्धी छुट, सुविधा वा सहुलियत** (१) यस ऐन अन्तर्गत दर्ता भएको उद्योगलाई संघीय कानून बमोजिम प्राप्त छुट, सुविधा वा सहुलियत अनतिक्रम्य हुनेछ ।

(२) यस ऐन अन्तर्गत दर्ता भएको उद्योगलाई कार्यपालिकाले थप छुट सुविधा वा सहुलियत प्रदान गर्न सक्नेछ ।

(३) उपदफा (१) र (२) मा उल्लेख भए बमोजिमको उद्योगलाई देहायका थप छुट, सुविधा वा सहुलियत उपलब्ध गराइनेछ :-

(क) गाउँ कार्यपालिकाले स्थानीय राजपत्रमा सूचना प्रकाशन गरी तोकेको टेक्नोलोजी पार्क, बायोटेक पार्क र सूचना प्रविधि पार्कभित्र स्थापित सफ्टवेयर विकास, तथ्यांक, प्रशोधन, साइबर क्याफे, डिजिटल म्यापिंग, कृषिजन्य सम्बन्धित उद्योगलाई पाँच वर्ष सम्म व्यवसाय कर पचास प्रतिशत छुट पाउनेछ ।

(ख) देहायको संख्यामा स्थानीय नागरिकलाई रोजगारी दिने देहायको उद्योगलाई देहाय बमोजिमको छुट सुविधा प्रदान गरिनेछः-

१. बीस वा सो भन्दा बढी स्थानीय नागरिकलाई वर्षभरि नै प्रत्यक्ष रोजगारी दिने उत्पादनमुलक उद्योग, सूचना तथा सञ्चार प्रविधि उद्योगलाई सो वर्षको व्यवसायमा लाग्ने करको चालिस प्रतिशत,

२. २५ वा सो भन्दा बढी स्थानीय नागरिकलाई वर्षभरि नै प्रत्यक्ष रोजगारी दिने उत्पादनमुलक उद्योग, सूचना तथा सञ्चार प्रविधि उद्योगलाई सो वर्षको व्यवसायमा लाग्ने करको तीस प्रतिशत,

३. उपखण्ड १. वा २. बमोजिम रोजगारीप्राप्त स्थानीय नागरिकमध्ये कम्तिमा पचास प्रतिशत महिला, दलित वा अपाङ्गता भएका व्यक्तिहरू रहेमा त्यस्तो उद्योगलाई सो वर्षको व्यवसाय कर मा थप बिस प्रतिशत ।

(ग) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि महिला, दलित, सिमान्तकृत र 'ग' श्रेणी सम्मको अशक्तता भएका अपाङ्गता भएका उद्यमीको मात्र स्वामित्व रहने गरी उद्योग दर्ता गराएमा त्यस्तो उद्योग दर्ता गर्दा प्रचलित कानून बमोजिम लाग्ने उद्योग दर्ता दस्तुरमा पचास प्रतिशत छुट हुनेछ र तिन वर्ष सम्म व्यवसाय करमा पन्ध्र प्रतिशत छुट हुनेछ ।

(घ) यो ऐन प्रारम्भ हुँदाका बखत सञ्चालनमा रहेका घरेलु र साना उद्योगलाई यो ऐन जारी भएको मितिले र यस ऐन बमोजिम दर्ता भइ सञ्चालनमा आएको घरेलु तथा साना उद्योगलाई व्यवसाय वा कारोबार सुरु गरेको मितिले न्यूनतम तीन वर्षसम्म व्यवसाय कर बीस प्रतिशत छुट हुनेछ ।

(ङ) कार्यपालिकाले तोकेको भौगोलिक क्षेत्र वा वर्गीकृत क्षेत्रमा उद्योग स्थापना गर्न सहकारी, लघु उद्यम, घरेलु र साना उद्योगलाई बिउ पुँजी (सिड क्यापिटल) को रूपमा कार्यपालिकाले निर्णय गरि तोकेबमोजिम अनुदान उपलब्ध गराउन सक्नेछ ।

(च) स्थानीय उद्योगले पाउने अन्य छुट सुविधा र सहुलियत कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

२४. **जग्गा सम्बन्धी व्यवस्था** : यस ऐन वा प्रचलित कानून बमोजिम दर्ता भएका उद्योगका लागि आवश्यक जग्गा सम्बन्धित उद्यमीले प्रचलित कानून बमोजिम आफैले खरिद गर्नु पर्नेछ । तर तोकिए बमोजिमको उद्योग सञ्चालन गर्ने उद्यमीले उद्योगका लागि आवश्यक जग्गा खरिद गर्न नसकेमा सोही व्यहोरा खुलाई जग्गा खरिद गर्न वा जग्गा उपलब्ध गराइदिन अनुरोध गरेमा कार्यपालिकाले जग्गा खरिद वा जग्गा उपलब्ध गराइदिने सम्बन्धमा आवश्यक समन्वय वा सहजीकरण गर्न सक्नेछ ।

२५. **लिजमा जग्गा उपलब्ध गराउने** (१) राष्ट्रिय वा स्थानीय प्राथमिकता प्राप्त उद्योग सञ्चालन गर्न नेपाल सरकारको स्वामित्वमा रहेको जग्गा आवश्यक पर्ने भएमा त्यस्ता उद्योगले आफूलाई आवश्यक पर्ने जग्गाको क्षेत्रफल खुलाई उपलब्ध गराउन गाउँ कार्यपालिका अध्यक्ष समक्ष तोकिए बमोजिम निवेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त हुन आएमा गाउँ कार्यपालिकाले उद्योगलाई आवश्यक पर्ने जग्गा उपलब्ध गराउने सम्बन्धमा आवश्यक कारबाही अगाडि बढाउन सम्बन्धित निकायमा पेश गर्नेछ ।

(३) उपदफा (२) बमोजिम निवेदन प्राप्त भएमा प्रचलित कानून बमोजिम त्यस्तो जग्गा उद्योग सञ्चालनको प्रयोजनको लागि सम्बन्धित उद्योगलाई लिजमा उपलब्ध गराउन सक्नेछ ।

(४) उपदफा (३) बमोजिम नेपाल सरकारको स्वामित्वमा रहेको जग्गा लिजमा उपलब्ध गराए वापत उद्योगले तिर्नुपर्ने रकम र लिज सम्बन्धी अन्य शर्तहरू नेपाल सरकार वा गाउँपालिका र सम्बन्धित उद्योगबीच हुने सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ ।

(५) जग्गाको लिज सम्बन्धी अन्य व्यवस्था गाउँ कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

२६. **छुट, सुविधा वा सहुलियतको प्रत्याभूति** : यो ऐन प्रारम्भ हुँदाका बखत दर्ता भइ सञ्चालनमा रहेका स्थानीय उद्योगलाई यस ऐन र प्रचलित कानून बमोजिम प्रदान गरिएको छुट, सुविधा वा सहुलियतलाई सीमित गर्ने गरी कुनै व्यवस्था गरिने छैन ।

२७. **अनुदान दिन सक्ने** : कुनै स्थानीय उद्योगलाई विपद, बन्द हड्ताल जस्ता आपतकालीन अवस्थामा उद्योगले अकल्पनीय क्षति ब्यहोरेमा गाउँ कार्यपालिकाले अनुदान उपलब्ध गराउन सक्नेछ ।

२८. **छुट, सुविधा वा सहुलियतको दुरूपयोग गर्न नहुने** : यस ऐन बमोजिम उद्योगले प्राप्त छुट, सुविधा वा सहुलियत जुन प्रयोजनको लागि दिइएको हो सो प्रयोजनको लागि मात्र प्रयोग गर्नुपर्नेछ र त्यसको दुरूपयोग गर्न पाइने छैन ।

## परिच्छेद – ६
## एकल बिन्दु सेवा केन्द्र सम्बन्धी व्यवस्था

२९. **एकल बिन्दु सेवा केन्द्रको स्थापना** : (१) यस ऐन तथा प्रचलित अन्य कानून बमोजिम लघु उद्यम, घरेलु उद्योग र साना उद्योगका लगानीकर्तालाई प्राप्त हुने छुट, सुविधा वा सहुलियत र

उद्योगको लागि आवश्यक पर्ने पूर्वाधार सम्बन्धी सेवा समयमै सरल र सहज रुपमा एकै थलोबाट उपलब्ध गराउने सम्बन्धमा गाउँपालिकाले एकल बिन्दु सेवा केन्द्रको स्थापना गरी सञ्चालनमा ल्याउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम एकल बिन्दु सेवा केन्द्र स्थापना तथा सञ्चाल गर्दा त्यस्तो सेवा केन्द्र रहने स्थान, केन्द्रका माध्यमबाट उद्योगहरुलाई पुऱ्याइने सेवा, केन्द्रमा रहने निकायगत एकाइहरु र सेवा सञ्चालन समिति समेत तोक्नेछ ।

(३) उपदफा (१) बमोजिम एकल बिन्दु सेवा केन्द्रको स्थापना नभएसम्मको लागि यस ऐन बमोजिम उद्योगले पाउने छुट, सुविधा वा सहुलियत एकै थलोबाट समयमै उपलब्ध गराउन गाउँपालिकाले एकल बिन्दु सेवा सञ्चालन समिति गठन गर्नेछ ।

३०. **एकल बिन्दु सेवा सञ्चालन समितिको काम, कर्तव्य र अधिकार :** (१) एकल बिन्दु सेवा सञ्चालन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) यस ऐन अन्तर्गत उद्योगले पाउने छुट, सुविधा वा सहुलियत प्रदान गर्ने निर्णय गरी सोको कार्यान्वयन गर्ने वा गराउने,

(ख) समितिले आफ्ना काम, कर्तव्य र अधिकार अन्तर्गत प्रत्यायोजन गरेका कार्यहरू गर्ने,

(ग) उद्योगलाई आवश्यक पर्ने विद्युत, पानी, दूरसञ्चारका साधन, जग्गा, सडक जस्ता पूर्वाधार सेवा उपलब्ध गराउने सम्बन्धमा समयबद्ध व्यवस्था गर्न आवश्यक निर्णय गरी सोको कार्यान्वयन गर्ने, गराउने,

(घ) तोकिए बमोजिमका अन्य कार्यहरु गर्ने ।

## परिच्छेद-७
## सजाय सम्बन्धी व्यवस्था

३१. **सजाय सम्बन्धी व्यवस्था :** (१) कसैले यस ऐन बमोजिम उद्योग दर्ता गराई वा नगराई उद्योग स्थापना वा सञ्चालन गरे वा नगरेको सम्बन्धमा गाउँपालिकाकोले तोकिए बमोजिम आवश्यक अनुगमन, छानबिन वा निरीक्षण गर्दा यस ऐन बमोजिम उद्योग दर्ता नगराई उद्योग स्थापना वा सञ्चालन गरेको पाइएमा गाउँपालिकाले त्यस्तो उद्योग स्थापना वा सञ्चालन गर्ने व्यक्ति तथा सोसँग सम्बन्धित विवरण सहितको प्रतिवेदन तयार गरी कारबाहीका लागि गाउँ कार्यपालिकामा पठाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रतिवेदन प्राप्त हुन आएमा गाउँ कार्यपालिकाले त्यस्तो व्यक्तिलाई यस ऐन बमोजिम उद्योग दर्ता गराई सञ्चालनमा ल्याउन र सोको प्रमाण पेश गर्न बढीमा तीन महिनाको समय दिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिमको समयावधिभित्र उद्योग दर्ता नगर्ने व्यक्तिलाई गाउँपालिकाले देहायको कारबाही गर्न सक्नेछ :-

(क) त्यस्तो व्यक्तिले स्थापना वा सञ्चालन गरेको उद्योग बन्द गर्न आदेश दिने,

(ख) उद्योगको स्तर यकिन गरी सोको आधारमा लघु उद्यमस्तरको भए दश हजार देखि पच्चीस हजार रुपैंयाँसम्म, घरेलु तथा साना उद्योगको स्तर भए पच्चीस हजार देखि एक लाख रुपैंयाँसम्म, जरिबाना गर्ने ।

(४) दफा १२ बमोजिम तोकिएको विवरण तोकिएको अवधिभित्र उपलब्ध नगराएमा उद्योग दर्ता गर्ने निकायले प्रत्येक आर्थिक वर्षको लागि देहायका उद्योगलाई देहायको जरिबाना गर्न सक्नेछ :-

(क) लघु उद्यमलाई दुई हजार रुपैयाँको दरले,

(ख) घरेलु उद्योगलाई पाँच हजार रुपैयाँको दरले,

(ग) साना उद्योगलाई दश हजार रुपैयाँको दरले,

(५) यस दफा बमोजिम सजाय गर्नुभन्दा अघि सजाय गर्ने अधिकारप्राप्त अधिकारीले सम्बन्धित उद्योग वा व्यक्तिलाई आफ्नो सफाई तथा सवुत पेश गर्न पन्ध्र दिनको समय दिनुपर्नेछ ।

३२. **पुनरावेदन सम्बन्धी व्यवस्था** : दफा ३१ बमोजिमको सजायको आदेश उपर चित्त नबुझेमा सजायको जानकारी पाएको मितिले एक्काईस दिनभित्र त्यस्तो उद्यमी वा व्यक्तिले सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन दिन सक्नेछ ।

## परिच्छेद ८
## विविध

३३. **औद्योगिक करिडोर, औद्योगिक ग्राम तथा औद्योगिक क्लस्टर घोषणा गर्न सक्ने** : औद्योगिक विकासको लागि पर्याप्त सम्भावना र अवसर उपलब्ध रहेको गाउँपालिकाको कुनै भाग वा स्थानलाई तोकिए बमोजिमको मापदण्डका अधिनमा रही कार्यपालिकाले स्थानीय राजपत्रमा सूचना प्रकाशन गरी PPE(Public Private Engagement) सरकारी निजी सहकार्यतामा औद्योगिक करिडोर, औद्योगिक ग्राम तथा औद्योगिक क्लस्टर घोषणा गरी तोकिए बमोजिम सेवा, सुविधा तथा सहुलियत उपलब्ध गराउन सक्नेछ ।

३४. **औद्योगिक जनशक्ति** : (१) उद्योगलाई आवश्यक पर्ने जनशक्ति नेपाली नागरिकबाटै पूर्ति गर्नु पर्नेछ ।

(२) सुदृढ औद्योगिक सम्बन्धलाई उत्पादकत्व वृद्धिको प्रवल आधार मानी काम नगर्दाको अवधिको पारिश्रमिक दिनु पर्ने छैन । यस सम्बन्धमा श्रम वा प्रचलित कानूनले निर्दिष्ट गरे बमोजिम हुनेछ ।

(३) उद्योगमा कार्यरत कामदार तथा कर्मचारीले उद्योगको सञ्चालन तथा त्यसको उत्पादनमा बाधा अवरोध पुग्ने गरी बन्द हड्ताल जस्ता कुनै पनि काम कारबाही गर्न पाउने छैनन् । तर कामदार तथा कर्मचारीले आफ्ना जायज मागहरु शान्तिपूर्ण ढंगले व्यवस्थापन समक्ष राख्न र आपसी समझदारीमा समाधान गर्न यो उपदफाले बाधा पुऱ्याएको मानिने छैन ।

३५. **करार गरी उत्पादन गर्न सक्ने** : (१) प्रचलित कानून बमोजिम दर्ता भएको कुनै उद्योग वा कम्पनी वा फर्म वा प्रतिष्ठानले आपसमा करार (कन्ट्रयाक्ट) वा उपकरार (सव- कन्ट्रयाक्ट) गरी वस्तु वा सेवाको उत्पादन गर्न सक्नेछन् ।

३६. **कोष सम्बन्धी व्यवस्था** : (१) गाउँपालिकाले गाउँको औद्योगिक विकास, प्रवर्द्धन तथा संरक्षणका लागि निजी तथा सहकारी क्षेत्र समेतको सहभागितामा आवश्यकता अनुसार देहायका कुनै वा सबै कोष खडा गर्न सक्नेछ :-

(क) लघु, घरेलु तथा साना उद्यम विकास कोष,

(ख) प्रविधि विकास कोष,

(ग) महिला उद्यमशीलता विकास कोष ।

(२) उपदफा (१) मा उल्लिखित कोषमा जम्मा हुने रकम, त्यस्ता कोषको व्यवस्थापन र सञ्चालन सम्बन्धी कार्यविधि र अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(३) यो ऐन प्रारम्भ हुँदाका बखत स्थापना र सञ्चालन भएका लघु, घरेलु तथा साना उद्यम विकास कोष, प्रविधि विकास कोष र महिला उद्यमशीलता विकास कोष यसै ऐन बमोजिम स्थापना र सञ्चालन भएको मानिनेछ ।

**३७. व्यावसायिक सामाजिक जिम्मेवारी :** (१) वार्षिक एक करोड रुपैयाँ भन्दा बढी कारोबार गर्ने घरेलु वा साना उद्योगले वार्षिक मुनाफाको कम्तीमा एक प्रतिशत रकम व्यावसायिक सामाजिक जिम्मेवारी बहन गर्ने प्रयोजनार्थ प्रत्येक आर्थिक वर्षका लागि छुट्याउनु पर्नेछ । सो बमोजिम छुट्याइएको रकम वार्षिक योजना तथा कार्यक्रम बनाई तोकिए बमोजिमका क्षेत्रमा खर्च गर्नु पर्नेछ ।

(२) उपदफा (१) को प्रयोजनको लागि प्रत्येक उद्योगले प्रत्येक आर्थिक वर्षमा भएको कारोबारको रकम र सो आर्थिक वर्षका लागि पेश गरिएको व्यावसायिक सामाजिक जिम्मेवारी बहन अन्तर्गतको योजना तथा कार्यक्रमको प्रगति विवरण सो आर्थिक वर्ष व्यतित भएको तीन महिनाभित्र सम्बन्धित उद्योग दर्ता गर्ने निकाय समक्ष पेश गर्नु पर्नेछ । सो विवरणसाथ चालु आर्थिक वर्षको व्यावसायिक सामाजिक जिम्मेवारी बहनको योजना तथा कार्यक्रम समेत संलग्न गरिएको हुनु पर्नेछ ।

**३८. पुरस्कृत गर्न सकिने :** कार्यपालिकाले स्थानीय उद्योगहरू मध्येबाट आवश्यक मानक तयार गरी उत्कृष्ट उद्योगलाई पुरस्कृत गर्न सक्नेछ ।

**३९. बाधा अड्काउ फुकाउने अधिकार :** यस ऐनको कार्यान्वयन गर्दा कुनै बाधा अड्काउ परेमा गाउँ कार्यपालिकाले त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ ।

**४०. अनुसूचीमा हेरफेर वा थपघट गर्न सक्ने :** गाउँ कार्यपालिकाले राजपत्रमा सूचना प्रकाशन गरी अनुसूचीमा आवश्यकता अनुसार हेरफेर, थपघट वा परिमार्जन गर्न सक्नेछ ।

**४१. यसै ऐन बमोजिम हुने :** प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐनमा लेखिए जति कुरामा यसै ऐन बमोजिम हुनेछ ।

**४२. नियम बनाउने अधिकार :** यस ऐनलाई कार्यान्वयन गर्न गाउँ कार्यपालिकाले आवश्यक नियम बनाउन सक्नेछ ।

**४३. निर्देशिका, कार्यविधि वा मापदण्ड बनाई लागू गर्न सक्ने :** गाउँ कार्यपालिकाले उद्योगको दर्ता, नियमन सम्बन्धी काम कारबाहीलाई सरल बनाउन आवश्यकता अनुसार निर्देशिका, कार्यविधि वा मापदण्ड बनाई लागू गर्न सक्नेछ ।

**अनुसूची-१**
**(दफा ८ सँग सम्बन्धित)**

अनुमति लिनुपर्ने उद्योगहरु

१. ढुंगा गिट्टी, बालुवा उत्खनन्, प्रशोधन गर्ने

२. प्रचलित कानून बमोजिम अनुमति लिनुपर्ने अन्य उद्योग ।

गाउँ कार्यपालिकाको कार्यालय

## अनुसूची-२
### (दफा १६ को उपदफा (१) को खण्ड ख. को (४) सँग सम्बन्धित)

**घरेलु उद्योगहरु**

१. ह्याण्ड लूम, पेडल लूम, सेमी–अटोमेटिक लूम, कपडा वार्पिङ्ग, परम्परागत प्रविधिबाट गरिने रङ्गाई, छपाई, सिलाई (तयारी पोशाक बाहेक) र बुनाई,

२. ऊन र रेशममा आधारित हाते बुनाईका राडी, पाखी, गलैंचा, पशिमना, पोशाक, हाते कागज र सोमा आधारित वस्तु,

३. परम्परागत कलामा आधारित वस्तु,

४. परम्परागत मूर्तिकला,

५. तामा, पित्तल, ढलौट, काँस जस्ता धातुबाट हस्तनिर्मित भाँडावर्तन तथा हस्तकलाका सामान,

६. फलामबाट बनेका हस्तनिर्मित भाँडा वर्तन तथा घरायसी प्रयोगका चक्कु, चुलेसी, खुकुरी, हँसिया, कुटो, कोदालो जस्ता परम्परागत औजारहरु,

७. सुन चाँदीबाट हस्तनिर्मित गरगहना, वस्तु, भाँडा वर्तनहरु बहुमूल्य, अर्ध-बहुमूल्य तथा साधारण पत्थर जडान भएका समेत),

८. छालाबाट हस्त निर्मित वस्तुहरु,

९. बाबियो, जुट, सनपाट, पटुवा र सो बाट बनाइने डोरी(रसरी), अघा(दाम्लो), सुत्रीको डोरी, नरिवालको डोरी, मुच, सुती धागो, अल्लो आदि प्राकृतिक रेशामा आधारित उद्योग,

१० पत्थरकला (ढुंगा कुंदी बनाइएका सामानहरु),

११. परम्परागत संस्कृति, बाजागाजा र कला दर्शाउने विभिन्न प्रकारका हस्तकलाका वस्तु,

१२. काठ, हाड, सिङ्ग तथा माटो, चट्टान र खनीजका कलात्मक वस्तुहरु, सेरामिक्स तथा माटाका भाँडाकुँडा,

१३. मखुण्डो (मास्क) तथा परम्परागत संस्कृति दर्शाउने पुतली खेलौना

१४. हातले छाप्ने इँटा उद्योग

## अनुसूची-३
### (दफा १६ को उपदफा (२) को खण्ड (क) सँग सम्बन्धित)

**ऊर्जा मुलक उद्योग**

१. विद्युत प्रसारण लाइन,
२. विद्युत वितरण प्रणाली,
३. सौर्य ऊर्जा,
४. बायो ग्यासमा आधारित ऊर्जा सँग सम्बन्धीत उद्योगहरु ।

गाउँ कार्यपालिकाको कार्यालय

## अनुसूची-४
## (दफा १६ को उपदफा (२) को खण्ड (ग) सँग सम्बन्धित)

### कृषि तथा वन पैदावारमा आधारित उद्योग

१. फलफूल खेती वा फलफूल प्रशोधन,
२. खाद्यवस्तु प्रशोधन,
३. पशुपालन, पंक्षीपालन (कुखुरा पालना, हाँस पालन, वगेडी पालन लागायत अष्ट्रिच समेत), पशुपंक्षी प्रजनन र मासु उत्पादन तथा प्रशोधन,
४. दूध उद्योग (दूधका परिकार उत्पादन समेत),
५. मत्स्यपालन, माछाभुरा उत्पादन, प्रशोधन एवं प्याकेजिङ्ग,
६. जडिबुटी खेती, जडिबुटी प्रशोधन,
७. तरकारी बीउ बिजन उत्पादन,
८. तरकारी खेती, तरकारी प्रशोधन,
९. हरित गृह स्थापना र सञ्चालन,
१०. मौरीपालन (मौरी प्रजनन, मह उत्पादन र प्रशोधन),
११. पुष्प खेती, पुष्प प्रशोधन (माला बनाउने, सजावट गर्ने, गुच्छा बनाउने र बीउ बिजन उत्पादन समेत),
१२. नर्सरी व्यवसाय,
१३. शीत भण्डार, कृषि बजार
१४. निजी वनको स्थापना र व्यवस्थापन,
१५. नगदेबालीको व्यावसायिक खेती तथा प्रशोधन (जस्तैः ऊखु, कपास, सजिवन, सुर्ती, जुट, अलैंची, अदुवा, तेलहन र यस्तै मसलावाली, दलहन आदि),
१६ बाँस खेती र वेत बाँसजन्य उत्पादनहरु,
१७. वनस्पति उद्यान स्थापना र व्यवस्थापन,
१८. वनस्पति प्रजनन व्यवसाय (टिस्सु कल्चर समेत),
१९. बीउबिजन प्रशोधन,
२०. अन्य गैर काष्ठजन्य वन पैदावारमा आधारित,
२१. स:मिल, फर्निचर लगायतका काष्ठ उद्योग,
२२. पार्केटिङ्ग, सिजनिङ्ग, ट्रिटमेण्ट प्लाण्ट, प्लाइउड, कम्पोजिट, बोर्ड जस्ता काष्ठजन्य उद्योग,
२३. प्रचलित कानुन बमोजिम यस अनुसूचि अन्तर्गत पर्न जाने अन्य उद्योगहरु ।

## अनुसूची-५

**(दफा १६ को उपदफा (२) को खण्ड (ङ) सँग सम्बन्धित)**

**पूर्वाधार उद्योग**

१. सडक, पुल, सुरुङ्ग,
२. विवाह मण्डप
३. औद्योगिक संरचना एवं पूर्वाधार कम्प्लेक्स,
४. सभा सम्मेलन केन्द्र,
५. ढल तथा ढल निकास,
६. खानेपानी आपूर्ति तथा वितरण,
७. सिँचाइ पूर्वाधार,
८. खेलकुद गृह, रङ्गशाला,
९. सवारी पार्किङ्ग स्थल, पार्किङ्ग गृह,
१०. निर्यात प्रशोधन क्षेत्र,
११. विशेष आर्थिक क्षेत्र,
१२. दूषित पानी प्रशोधन केन्द्र,
१३. घर तथा आवास भवन,
१४. व्यापारिक कम्प्लेक्स,
१५. सिमेन्ट टायल, ब्लक, विभिन्न आकृतिका कलात्मक सामानहरु, अन्य सामाग्रीहरु ।

गाउँ कार्यपालिकाको कार्यालय

## अनुसूची-६

## (दफा १६ को उपदफा (२) को खण्ड (च) सँग सम्बन्धित)

**पर्यटन उद्योग**

१ पर्यटक आवास, मोटेल, होटेल, रिजोर्ट तथा रेष्टुराँ,

२. ट्राभल एजेन्सी, टुर अप्रेटर,

३. साहसिक पर्यटन : स्किइङ्ग, वाटर ऱ्याफ्टिङ्ग, क्यानोनिङ, प्यारा सेलिङ्ग, घोडचढी, हात्तीचढी

४. ग्रामीण पर्यटन, होम स्टे तथा पर्यावरणीय पर्यटन,

५. पदयात्रा, साइक्लिङ्ग ।

६. साँस्कृतिक, धार्मिक, सभा सम्मेलन तथा खेलकुद पर्यटन,

७. मनोरञ्जन पार्क,

गाउँ कार्यपालिकाको कार्यालय

## अनुसूची-७

**(दफा १६ को उपदफा (२) को खण्ड (छ) सँग सम्बन्धित)**

**सूचना, प्रसारण तथा सञ्चार प्रविधिमा आधारित उद्योग**

**(क) सूचना प्रविधि उद्योगः**

(१) टेक्नोलोजी पार्क,

(२) आई.टि. पार्क,

(३) कम्प्यूटर तथा सम्बन्धित सेवाहरु,

(४) तथ्याङ्क प्रशोधन,

(५) साइवर क्याफे,

**(ख) सूचना संचार प्रविधिमा आधारित उद्योग :**

(१) इन्टरनेट,

(२) टेलिफोन, मोवाईल टेलिफोन, मोवाईल स्याटलाइट टेलिफोन,

**(ग) सूचना, प्रसारण प्रविधिमा आधारित उद्योग :**

(१) एफ.एम. रेडियो

(२) केबुल टेलिभिजन,

(३) आइपिटिभी, अनलाइन सेवा,

(४) प्रिन्ट मिडिया उद्योग, अडियो भिजुअल सामग्री उत्पादन उद्योग, विज्ञापन निर्माण उद्योग,

(५) सिनेमा उत्पादन, सिनेमा हल, मल्टिप्लेलक्स सिनेमा हल, फिल्म सिटी निर्माण, फिल्म स्टूडियो निर्माण ।

गाउँ कार्यपालिकाको कार्यालय

## अनुसूची-८
### (दफा १६ को उपदफा (२) को खण्ड (ज) सँग सम्बन्धित)

**सेवामूलक उद्योग :**

१. यान्त्रिक कार्यशाला (वर्कशप),
२. छापाखाना तथा छपाई सम्बन्धी सेवा,
३. पेशागत अनुसन्धान तथा विकास, व्यवस्थापन, ईन्जिनियरिङ्ग तथा डिजाइन, कानूनी, लेखा, लेखापरीक्षण, शिक्षण प्रशिक्षण, शैक्षिक तथा प्राविधिक परामर्श सेवाहरु,
४ चलचित्र निर्माण व्यवसाय,
५. प्रदर्शनी सेवा,
६. सांस्कृतिक तथा मनोरञ्जनात्मक व्यवसाय,
७. निर्माण व्यवसाय,
८. सार्वजनिक यातायात व्यवसाय,
९. फोटोग्राफी,
१०. अस्पताल,
११. नर्सिङ्ग होम,
१२. शिक्षण एवं प्रशिक्षण संस्था,
१३. पुस्तकालय, अभिलेखालय तथा संग्रहालय सेवा,
१४. प्रयोगशाला,
१५. खेलकूद सेवा,
१६. शीत भण्डार सञ्चालन (गैह्र कृषिजन्य),
१७. हाउस वायरिङ्ग इलेक्ट्रीकल फिटिङ्ग र मर्मत,
१८. फोहोरमैला संकलन तथा सरसफाई, फोहरमैला पुनःप्रशोधन,
१९. घर जग्गा खरिद गरी भूमि विकास गरी बिक्री गर्ने व्यवसाय,
२०. पशु चिकित्सा सेवा,
२१. व्याट्री रिचार्जिङ्ग,
२२. स्वास्थ्य परीक्षण (एक्स-रे, सिटी स्क्यान, एम.आर.आइ, अल्ट्रासाउन्ड जस्ता सेवाहरु) तथा स्वास्थ्य परीक्षण प्रयोगशाला,
२३. निर्माण भइसकेका पूर्वाधारहरुको सञ्चालन गर्ने (जस्तैः सभा सम्मेलन भवन, खानेपानी आपूर्ति, इन्धन तथा इन्धनजन्य ग्यास आपूर्ति, गोदामघर तथा भण्डारण, बसपार्क, रङ्गशाला, स्पोर्टस् कम्प्लेकस, सडक, सिँचाइ, विद्युत प्रशारण, विद्युत गृह) आदि सेवा सञ्चालन गर्ने व्यवसायहरु,
२४. खाद्यान्न कुटानी, पिसानी, पेलानी र प्याकिङ्ग गर्ने कार्य,
२५. कपडा तथा धागो रङ्गाई, साइजिङ्ग र कपडा छपाई (कपडा बुन्ने उद्योगले आफ्नो प्रयोजनको लागि गरेकोमा बाहेक),
२६. कार्गो व्यवसाय,
२७. कुरियर सेवा,
२८. ड्राइक्लिनिङ्ग व्यवसाय,

२९. व्यूटी पार्लर,
३०. आन्तरिक सजावट (इण्टेरियर डेकोरेशन),
३१. प्रकाशन सेवा,
३२. विज्ञापन सेवा,
३३. विज्ञापन सामग्री तयार गर्ने सेवा,
३४. समाचार सम्प्रेषण सेवा,
३५. टेलिभिजनबाट प्रसारण गर्न बनाइएका कार्यक्रम र डकुमेन्ट्री, टेलीफिल्म उत्पादन तथा प्रसारण,
३६. स्वास्थ्य (हेल्थ) क्लव,
३७. पानी ढुवानी तथा वितरण सेवा,
३८. व्यवसाय सम्वर्द्धन सेवा (विजिनेस इन्क्यूवेसन सर्भिस),
३९. व्यापारिक कम्प्लेक्स सञ्चालन,
४०. वैदेशिक रोजगार सेवा
४१. सिनेमा हल,
४२. सिलाई बुनाई,
४३. अनुसन्धान तथा विकास सेवा,
४४. प्रचलित कानुन बमोजिम यस अनुसूचिमा पर्न सक्ने अन्य उद्योगहरु ।

गाउँ कार्यपालिकाको कार्यालय

## अनुसूची-९
**(दफा १८ सँग सम्बन्धित)**

**गाउँपालिकाको प्राथमिकता प्राप्त उद्योग**

१. कृषि तथा वन पैदावारमा आधारित उद्योग,

२. घरेलु उद्योग,

३. उर्जामूलक उद्योगहरु ।

आज्ञाले,
नविन कुमार श्रीवास्तव
प्रमुख प्रशासकीय अधिकृत

गाउँ कार्यपालिकाको कार्यालय

रु. २५/-